# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २२७ | काठमाडौं | शुक्रबार, २८ मंसिर २०८१ | Prabhab National Daily | Friday, December 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


# बदनामी ढाक्ने प्रयासमा ऊर्जामन्त्री खड्का



- ऊर्जामन्त्री खड्काको कम्पनीले स्काउटलाई बुझाउन बाँकी भाडा पाँच करोड १९ लाख २७ हजार ८५१
- जरिवाना वापतको रकम छुटको माग गर्दै खड्का ल्यान्ड अदालतमा
- १० दिनभित्र भाडाको बक्यौता तिर्ने प्रतिबद्धता

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको निर्देशनअनुसार नेपाल स्काउटले बिहीबार ऊर्जामन्त्री दीपक खड्काको कम्पनीले तिर्न बाँकी भाडा विवरण समितिमा बुझाएको छ ।

विवरणअनुसार मन्त्री खड्काको कम्पनी खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिले स्काउटको भवन र जग्गा भोगचलन गरेको भाडास्वरूप पाँच करोड १९ लाख २७ हजार ८५१ रूपैयाँ बुझाउन बाँकी छ । स्काउटका लेखा अधिकृत चुडामणि कार्कीका अनुसार समितिमा बुझाएको विवरणमा यो रकम भाडावापतको साँवा र जरिवाना दुवै जोडेर भएको हो ।

त्यसमध्ये २ करोड ४० लाख ६६ हजार ३५१ रूपैयाँ भाडावापतको साँवा रकम हो । २ करोड ७८ लाख ६१ हजार ५०० जरिवानावापतको रकम हो । ऊर्जामन्त्री खड्काको कम्पनीले तिर्न बाँकी यो रकम गत वर्ष २०८० को चैत मसान्तसम्मको हो । खड्काको कम्पनीले स्काउटको व्यावसायिक भवन पहिलो र दोस्रो प्रयोग गरेको छ । बाँकी तीन रोपनी जग्गा पनि कम्पनीले नै प्रयोग गर्दै आएको छ । तर, भाडा तिर्नै खड्काको कम्पनीले आलटाल गरिरहेको छ । भन्न त अबको १० दिन अर्थात् ६ पुससम्ममा बक्यौता रहेको भाडा तिर्ने भनिएको छ । यो खड्काको कम्पनीका तर्फबाट विकल थापा क्षेत्री र स्काउटको तर्फबाट प्रमुख आयुक्त महेन्द्रराज रञ्जितको तर्फबाट जारी प्रेस नोटमा उक्त व्यहोरा उल्लेख छ ।

त्यहाँ भनिएको छ, 'बहाल वापतको बक्यौता हिसाब किताबको कार्य सम्पन्न भई विभिन्न मितिमा बक्यौता रकम दाखिला निरन्तर भइरहेको छ र बक्यौता वापतको बाँकी रकम १० दिन (२०८१ पुस ६ गतेभित्र दाखिला गर्ने प्रतिबद्धता खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिको तर्फबाट नेपाल स्काउटलाई प्राप्त हुन आएको छ ।'

यद्यपि, खड्काको कम्पनीले जरिवाना छुट हुनुपर्ने माग गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ । स्काउटले भने जरिवानासहित बक्यौता असुलको आदेश माग गर्दै मुद्दा दायर गरेको छ । दुवै मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छन् । यहीबीच स्काउटलाई खड्काको कम्पनीले एक करोड ७५ लाख रूपैयाँ भाडा बुधबार बुझाएको छ । त्यसबाहेक अब जरिवानासहित ५ करोड बढी रकम एकाउटलाई कम्पनीले तिर्न बाँकी रहेको लेखा अधिकृत कार्कीले जनाएका छन् ।

खड्काको कम्पनीले भाडा तिर्ने सर्तमा भोगचलन गर्दै आएको जग्गा र भवन काठमाडौंको लैनचौरमा छ । तर, स्काउटलाई कम्पनीले भाडा तिर्दै तिरेन ।

यसपछि स्काउटले मन्त्री खड्काको कम्पनीको नाममा गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरेको थियो । भाडा उठाउन प्रधानमन्त्री, अख्तियार, प्रहरी र संसदीय समितिमा समेत निवेदन र उजुरी स्काउटले दिएको थियो ।

त्यसपछि राज्य व्यवस्था समितिले भाडासम्बन्धी उजुरी सांसदहरूको हातमा मंगलबार थमाएको थियो । उजुरीलाई लामो समय गुपचुप राखिएको थियो । उता भाडा माग्दा मन्त्री खड्काका कम्पनीमा कार्यरतले त स्काउटका कर्मचारीहरूमाथि दुर्व्यवहार गरेको पनि उजुरीमा छ । समितिमा उजुरी गत वर्षको १४ माघमा दर्ता भएको थियो । तर, उजुरी पत्र सांसदहरूलाई छलफलका लागि बाँडिएन । त्यसपछि सोमबार समिति बैठकमा माओवादी सांसद दुर्गा राईले दर्ता भएको उजुरी मागेपछि बल्ल सभापति रामहरि खतिवडाले अध्ययन प्रयोजनका लागि दिएका हुन् । राईले उजुरी नदिनुलाई दलीय निकटताले काम गरेको हुन सक्ने अर्थमा टिप्पणी गरेकी थिइन् । यसपछि दबाबमा परेका सभापति खतिवडाले मंगलबार उजुरी दिएका हुन् ।

काठमाडौं २६ नम्बर वडास्थित लैनचौरको कित्ता नम्बर १० को खानी विभागसँग सिमाना जोडिएको जग्गा खड्काको कम्पनीले २०६५ सालदेखि भाडा तिर्नेगरी प्रयोगमा गरेको उजुरीमा छ ।

क्रमशः पृष्ठ २ मा

त्रिवि सिनेट बैठकमा प्रधानमन्त्री ओलीको चलाखी

# आफ्नै नेता उचालेर उपकुलपतिविरुद्ध प्रहार





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बिहीबार त्रिभुवन विश्वविद्यालयको सिनेट बैठक सुरु हुनासाथ सिनेटका सदस्यहरू एकाएक उपकुलपति प्राडा केशरजंग बरालमाथि खनिन थाले । प्रधानमन्त्री तथा त्रिविका कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा सुरु भएको बैठकमा सुरुमै आक्रोशित सुनिए छत्रबहादुर कार्की ।

बैठकहरू बढ्दा आर्थिक भार परेको भन्दै उपकुलपति बरालले भनेको विषयमा उनको आक्रोश थियो । 'सबै काम कार्यकारिणी परिषद्ले गर्न मिल्ने रहेछ भने किन खर्च गरेर प्रधानमन्त्री बोलाएर जात्रा गर्ने ?,' सिनेटका सदस्य रहेका कार्कीले भने, 'आज उठाएको एजेन्डाले कति व्यायभार भयो जवाफ चाहियो । नत्र भने यो बैठक अगाडि बढ्न सक्दैन ।'

कार्कीको यो भनाइसँगै सामाजिक सञ्जालमा प्रधानमन्त्री अलमलिएको दृश्य भाइरल पनि बन्यो । तर बैठकमा कार्की बोल्दा ओली चुपचाप सुनिरहेका थिए । अर्को वक्ताले प्रक्रिया नै नपुगी बैठक चलाउन लागेको भन्दै आक्रोश पोखेपछि प्रधानमन्त्री ओलीले हस्तक्षेप गरेका हुन् । 'भिसीले कुनै एजेन्डा दिनुभएन । भिसीले घरबाट सिनेट चलाउने हो ? यस्तो भएकाले म सभा छाड्छु,' त्रिवि स्ववियु सभापति श्यामराज ओझाले आक्रोश पोखे । त्यसपछि ओलीले यसरी बैठक छाड्ने धम्की दिन सबैलाई आउने भन्दै असन्तुष्टि पोखे । 'एजेन्डा पहिले नै वितरण भएको हो । मैले भनेको कुरा हुन्छ भने हुन्छ नत्र हुन्न । नत्र भन्ने शैली नगरौ । सिनेटमा यसरी कहीँ छलफल हुँदैन,' ओलीले भने, 'यसरी राजीनामा दिन्छु, छाड्छु भने अरु आउँछन् ।'

- उपकुलपति प्राडा केशरजंग बराल त्रिविमा प्राध्यापक, डिन नियुक्ति 'मेरिटोक्रिसी'को आधारमा हुनुपर्ने अडानमा छन्
- तर त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले बिहीबार एमाले नेताहरु उचालेर उपकुलपति बरालविरूद्ध बोल्न लगाए
- रिक्त प्राध्यापक, डिन नियुक्तीमा एमालेले आफू निकटलाई अघि बढाउने तयारी गरेको छ

प्रधानमन्त्रीको समर्थनमा कार्कीले भने नीति तथा कार्यक्रमबारे थुप्रै बैठक हुन सक्ने बताउँदै खर्चको कुरा गर्न नहुने आशय राखेका थिए । नीति पारितका लागि २०८१ साउन १३ गते सिनेटको बैठक राखिएको थियो । उक्त बैठक प्रधानमन्त्री ओलीको दबावको कारण स्थगित बनेको थियो । त्यसपछि बल्ल बसेको बैठकमा कार्की आक्रोशित हुँदा प्रधानमन्त्रीले कुनै हस्तक्षेप गरेनन् ।

कारण कार्की त्रिवि कर्मचारी संघका अध्यक्ष हुन् । उनी एमालेनिकट प्रगतिशील कर्मचारी संगठनका नेता हुन् । त्रिवि कर्मचारी संघमा उनी २०७९ असार १५ गते निर्वाचित भएका हुन् । त्रिविको सिनेटमा प्रधानमन्त्री अध्यक्ष हुन्छन् भने शिक्षामन्त्री उपाध्यक्ष । सिनेटमा उपकुलपति सदस्य हुन्छन् । ४४ सदस्यीय सिनेटमा हाल ३७ जनामात्र सदस्य छन् ।

माओवादी अध्यक्ष पुष्पकमल दाहालले २०८० फागुनमा बराललाई त्रिविको उपकुलपति नियुक्त गरेका थिए । बराल 'मेरिटोक्रेसी' लागू गरी त्रिविको स्तर उकास्नुपर्छ भन्ने अडान राख्ने उपकुलपति हुन् । यद्यपि बैठकमा उनीमाथि यसै विषयमा पूल्चोक ईञ्जिनियरिङ् क्याम्पसका स्ववियु सभापति विराज अर्यालले उपकुलपतिलाई एकलौटी रूपमा विश्वविद्यालय चलाएको आरोप लगाए । उपकुलपति विश्वविद्यालयमै नआउने आरोप लगाउँदै उनले मेरिटोक्रेसी लागू गर्न नहुने माग गरे । 'उपकुलपति आधा समय घर बस्नुहुन्छ । यहाँ उहाँको आतंक छ । आफैं नियम मिच्दै हिँड् नुहुन्छ,' अर्यालले भने, 'मेरिटोक्रेसीको रंगमञ्च किन रच्दै हुनुहुन्छ ? तपाईंको मान्छे नियुक्त गर्नलाई ?'

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# चार महिनामा भित्रियो पाँच खर्ब २१ अर्ब रेमिट्यान्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको चार महिनामा मुलुकमा भित्रिने रेमिटचान्स (विप्रेषण आप्रवाह) नौ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चार महिना (साउनदेखि कात्तिक) भित्र पाँच खर्ब २१ अर्ब ६३ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको देखिएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.५ प्रतिशतले बढेको थियो । यो वर्ष भने यस्तो वृद्धिदर ९.१ प्रतिशतमा सीमित भएको हो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह तीन अर्ब ८७ करोड पुगेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्ष यस्तो आप्रवाह तीन अर्ब ६० करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि एक लाख ४७ हजार ४७८ जनाले अन्तिम श्रम स्वीकृति लिएका थिए । यो संख्या संस्थागत तथा व्यक्तिगत-नयाँ श्रम स्वीकृति लिनेको हो । उक्त अवधिमा पुन: श्रम स्वीकृति लिनेको संख्या ९४ हजार १०५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नयाँ श्रम स्वीकृति लिनेको संख्या एक लाख ३७ हजार ४७५ र पुन: श्रम स्वीकृति लिनेको संख्या ६८ हजार ८४१ रहेको थियो ।

राष्ट्र बैंकले उल्लेख गरेको कूल रेमिटचान्स रकममा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले वैधानिकरूपमा पठाएको रकममात्र समेटिएको छ । बैंकिङ च्यानलबाहेक हुण्डी तथा अन्य अवैधानिक च्यानलबाटसमेत रकम भित्रिने गरेको छ । त्यस्तो रकम राष्ट्र बैंकको प्रतिवेदनमा समेटिएको हुँदैन ।

> चालु आर्थिक वर्षको असोज महिनामा रेमिट्यान्सले नयाँ रेकर्ड बनाएको थियो । उक्त महिना एक खर्ब ४४ अर्ब १७ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । यो रकम एक महिनामा भित्रिएको हालसम्मकै ठूलो रकम थियो ।

वैदेशिक रोजगारीमा जाने संख्या बढ्दै जाँदा मुलुकमा भित्रिने रेमिटचान्स रकम पनि बढ्ने गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने र रेमिटचान्स दुवैमा वृद्धि भइरहेको छ । मुलुकमा रोजगारीको अवसर नपाएर विभिन्न देशमा पुगेका श्रमिकहरूले रेमिटचान्स पठाएर मुलुकको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँदै आएका छन् । मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशतभन्दा बढी हिस्सा रेमिटचान्सले ओगटेको सरकारकै तथ्यांकमा उल्लेख छ । जसले मुलुकको अर्थतन्त्र संकटमा रहेका बेला ठूलो योगदान गरेको अर्थविद्हरूको भनाइ छ । यद्यपि, रेमिटचान्समा आधारित अर्थतन्त्र राम्रो मानिँदैन । त्यसैले मुलुकलाई उत्पादनमूलक क्षेत्रतर्फ केन्द्रित गराउनुपर्नेमा अर्थविद्हरू जोड दिन्छन् । तर, रोजगारीको अवसर सिर्जना गर्न नसक्दा वैदेशिक रोजगारी बाध्यात्मक बनिरहेको छ ।

सरकारले बाध्यात्मक वैदेशिक रोजगारीको अवस्था अन्त्य गर्ने बताइरहे पनि ठोस काम गर्न सकेको देखिँदैन । किनभने, हरेक दिन करिब दुई हजारको संख्यामा युवाहरू वैदेशिक रोजगारीका लागि बाहिरिने गरेको तथ्यांक छ ।

### असोजमा सबैभन्दा धेरै

चालु आर्थिक वर्षको असोज महिनामा रेमिटचान्सले नयाँ रेकर्ड बनाएको थियो । उक्त महिना एक खर्ब ४४ अर्ब १७ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । यो रकम एक महिनामा भित्रिएको हालसम्मकै ठूलो रकम थियो । उक्त महिना प्रमुख चाडपर्वहरू परेका कारण पनि रेमिटचान्स बढेको राष्ट्र बैंकको भनाइ छ ।

पछिल्लो महिना कात्तिकमा असोजको तुलनामा २९ अर्ब ८५ करोड रूपैयाँ न्यून रेमिटचान्स आएको देखिन्छ । राष्ट्र बैंकका अनुसार कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड रूपैयाँ रेमिटचान्स मुलुकमा आएको छ ।

यसअघि चालु आर्थिक वर्षको साउन र भदौ महिनामा क्रमश: एक खर्ब ३६ अर्ब ९३ करोड र एक खर्ब २६ अर्ब २१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ । रेमिटचान्स भित्रिने क्रम बढ्दा मुलुकको विदेशी मुद्रा सञ्चितिसमेत बढेको राष्ट्र बैंकको भनाइ छ ।




# संघीय निजामती विधेयकका संशोधनकर्तासँग छलफल सुरु

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद्को आगामी अधिवेशनबाट पारित गर्ने अठोटका साथ दफावार छलफललाई अघि बढाएको छ ।

समितिको बिहीबारको बैठकमा सभापति रामहरि खतिवडाले संघीय निजामतीसहित विचाराधीन विधेयकलाई आगामी अधिवेशनमा पेस गर्ने तयारीकासाथ निरन्तर बैठक राखी छलफल गरिने भएकाले आवश्यक सहयोग पुऱ्याउन सबै सदस्यसँग आग्रह गरे । संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको विधेयकमाथि समान धारणा कायम गर्न प्रमुख दलका प्रमुख सचेतकलाई बैठकमा नियमित उपस्थितिका लागि उनले अनुरोधसमेत गरे । संघीय संसद्का विभिन्न समितिमा हाल विचाराधीन १९ विधेयकमध्ये भ्रष्टाचार नियन्त्रण र संघीयतासँग जोडिएका विधेयकसमेत छन् ।

हाल दफावार छलफलमा रहेको निजामतीसम्बन्धी विधेयकमा भने १२४ जना सांसदबाट एक हजार ५८२ संशोधन परेको छ । स्थायी सरकारका रूपमा रहेको निजामती सेवामा कार्यरत कर्मचारीलाई राजनीतिक अस्थिरताका कारण सरकारको फेरबदलसँगै सरुवा गर्ने प्रवृत्ति अन्त्य गरी व्यवस्थित र अनुमानयोग्य बनाउन आवश्यक रहेको संशोधनकर्ताको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## आफ्नै नेता...

अर्याल नेकपा एमालेको भ्रातृ संगठन अनेरस्ववियुका नेता हुन् । अहिले नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता गठबन्धन छ । गठबन्धनको सरकार भएको मौका पारी कर्मचारीको नेता कार्की र विद्यार्थी नेता अर्यालले उपकुलपति माथि सुनियोजित आरोप लगाएको त्रिविका पदाधिकारीहरू बताउँछन् । आइतबार मात्र एमाले महासचिव शंकर पोखरेलले मेरिटोक्रेसीको विरोध जनाएका थिए । 'त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनौटलाई मेरिटोक्रेसीका आधारमा गरिएको भनेर खुबै प्रचार गरियो । जबकी त्यतिवेलाको सत्ताको नेतृत्व गरिरहेको माओवादीले आफु निकट व्यक्तिलाई भीसी बनाउने गरी प्रकृया अघि बढायो,' सामाजिक सञ्जाल फेसबुकमा महासचिव पोखरेलले लेखेका छन्, 'सोही अनुसार माओवादी निकटका चित्रबहादुर बुढाथोकी र केशरजंग बराल एक र दुई नम्बरमा सिफारिस गरिए । यो जना अनुरुप २ नम्बरमा रहेका बराल भीसी बनाइए ।'

पोखरेलले अहिले पनि उपकुलपति बराल मेरिटोक्रेसीका नाममा माओवादी र कांग्रेसलाई प्रतिनिधित्व गने गरी विश्वविद्यालयको प्राज्ञिक नेतृत्व चयन गर्ने योजनामा लागेको आरोप लगाएका छन् । 'विश्वविद्यालयमा एउटा निश्चित वैचारिक समूहलाई निषेध गर्नेगरी मेरिटोक्रेसीको भद्दा नाटक मञ्चन गरिरहेका छन् । यस प्रकारको क्रियाकलापले त्रिभुवन विश्वविद्यालय अघि वढ्ने होइन झन धरासायी हुनेछ,' उनले भनेका छन् । त्रिवि अन्तर्गतका संकायमा ८ डिन र १२ क्याम्पस प्रमुख रिक्त रहेका छन् । रिक्त पदमा पुस ७ भित्र नियुक्त गर्न कुलपति रहेका प्रधानमन्त्री ओलीले निर्देशन दिएका छन् ।

ल क्याम्पसका स्ववियु सभापति विष्णु ढुंगेलले भने विश्वविद्यालयका पदाधिकारीलाई काम गर्न नदिने र काम गरेन भनेर उपकुलपतिलाई मात्रै दोष लगाउने प्रवृत्तिको आलोचना गरे । नेपाल पब्लिक क्याम्पस संघका अध्यक्ष शत्रुघ्नप्रसाद गुप्ताले आफूहरूलाई विश्वविद्यालयले अपनत्व नलिएको भन्दै असन्तुष्टि जनाए । 'पब्लिक क्याम्पस सिनेटमा मात्र उल्लेख छ । नियम नियमावली अन्त कतै उल्लेख छैन । यो घोर अपमान हो । हाम्रो कन्सर्न पहिचानको हो,' गुप्तले भने ।

त्रिविका स्ववियु सभापति श्यामराज ओझाले आफूहरूलाई लिखित माग पेश गर्न भन्ने तर तयार एजेन्डा समयमा उपलब्ध नगराएर विधि मिचेको आरोप लगाए । उनको पालामा प्रधानमन्त्री ओलीले एजेन्डा पहिले नै दिइसकेको भन्दै कड्किएका थिए । त्रिविमा एमाले निकट नेताहरू आफू निकटलाई डिन नियुक्त गर्नुपर्ने तयारीमा छन् भने त्रिविका स्ववियु सभापति ओझा मेरिट मिच्न नदिने पक्षमा छन् । सभा सुरु हुनु अघि नै कर्मचारीहरूले पनि उपकुलपति बरालविरुद्ध विश्वविद्यालयमा प्रदर्शन गरेका थिए ।

### १२ बुँदे नीति पारित

विवादकाबीच त्रिवि सिनेटले १२ बुँदे नीति पारित गरेको छ । कुलपति एवं प्रधानमन्त्री ओलीको अध्यक्षतामा सभामा उपकुलपति प्राडा बरालले प्रस्तुत गरेको १२ बुँदे नीतिमा समावेश भएको एउटा बुँदा हटाएर अर्को एक बुँदा थप गरी पारित गरिएको हो ।

बरालले पेश गरेको १२ बुँदे नीतिको बुँदा नम्बर आठमा भएको 'केन्द्रिय विभाग र विभिन्न स्कुलको रूपमा सञ्चालित निकायहको पुर्नसंरचना गर्ने र अनुसन्धान केन्द्रलाई सम्बन्धित स्कुलमा गाभ्ने सम्बन्धमा आवश्यक प्रकृया अघि बढाइने छ' भन्ने बुँदामा सिनासका कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले असहमति जनाएका थिए । उक्त बुँदाले अनुसन्धान केन्द्रहरूलाई न्याय गर्न नसक्ने बताउँदै कार्कीसहित अन्य केन्द्रबाट सभामा प्रतिनिधित्व गरेका सभाषद्हरूले समेत आपत्ति जनाएपछि सभा अध्यक्ष ओलीले यस बारेमा बृहत छलफल गरेर मात्रै निर्णय गर्ने बताउँदै बुँदा हटाएको घोषणा गरेका थिए ।

विश्वविद्यालयमा अध्ययन अनुसन्धानका लागि नेपाल र एशियाली अनुसन्धान केन्द्र सिनास, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र सेडा, शिक्षा विकास तथा अनुसन्धान केन्द्र सेरिड र एप्लाइड साईन्स र टेक्नोलोजीको लागि अनुसन्धान केन्द्र रिकास्ट गरी चार वटा अनुसन्धान केन्द्र छन् ।

■■■

## बदनामी ढाक्ने...

त्यसबेला भाडा तिरेर जग्गा प्रयोग गर्ने सम्झौता १० वर्ष अर्थात् २०७५ सम्मका लागि थियो । तर, सम्झौता अवधि सकएको यत्तिका वर्ष भइसक्दा भाडा तिरेका छन् न जग्गा नै खाली गरेका छन् । बरु, उल्टै मन्त्री खड्का जग्गा भाडा छुट गराउन निरन्तर प्रयास गरिरहेका छन् । १० वर्ष सम्झौता अवधिलाई केरमेट गरी १५ वर्ष खड्काले बनाएको आरोप लागेको छ ।

स्काउटको सम्पत्ति खाली गर्न उच्च अदालत पाटनले आदेश दिएको १३ असार २०७९ मै हो । तर, आदेशको पालना भएको छैन । गत ७ वैशाखमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप गरेर जग्गा खाली गराई 'सिल' गरेको थियो । त्यसबेला उपप्रधान तथा गृहमन्त्री रास्वपा सभापति रवि लामिछाने थिए । त्यति गर्दा पनि खड्का पछि हटेनन् ।

राष्ट्रपति, प्रधानमन्त्रीदेखि वडा कार्यालयसम्मलाई पत्र लेख्दा पनि कुनै सुनुवाइ नभएपछि नेपाल स्काउटले अदालतको फैसलाअनुसार खड्का सञ्चालक रहेको कम्पनीबाट भाडा उठाउन राज्यव्यवस्था तथा सुशासन समितिसँग सहयोग मागेको थियो । तर, गत वर्षको मध्य माघमा उजुरी परे पनि समितिको बेवास्तामा पऱ्यो । यद्यपि, निवेदनमा समिति सभापति रामहरि खतिवडाले समिति सचिवलाई आवश्यक कारबाहीका लागि तोक लगाएका थिए ।

स्रोतका अनुसार स्काउटको जग्गा भाडामा लिएका मन्त्री खड्काले आसपासमा थप ९ रोपनी जग्गासमेत हडपेर भाडामा लगाएका थिए । स्काउटको जग्गाभित्र लैनचौर ब्यांक्वेट र माई च्वाइस रेस्टुरेन्टको संरचना ५ रोपनीमा फैलिएको छ । उनै स्काउटको जग्गा लिएर झण्डै साढे ५ करोड भाडा नतिर्ने ऊर्जामन्त्री खड्का यतिबेलामा थप विवादित भएका छन् ।


**कुवेतमा रोजगार** कम्पनी : TORCH BEAUTY SALON FOR LADIES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ LT. No. 315312 चलानी नं. ६०२२९५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 1 | 150 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ujyalo Overseas Pvt. Ltd.
Kathmandu, Nepal Tel : +977-1-4110543 , 9861588349, 9842050869
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com
श्रम इजाजत नं. १३३५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : FARID BUSINESS CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०८/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२७ LT. No. 313893 चलानी नं. ६०२२८३०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Lobor (Male) | 20 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

**साउदीमा रोजगार** कम्पनी : HAMAD ABDULLAH ALHUWAIS ARABIAN CO. FOR IND. SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ LT. No. 315249 चलानी नं.६०२२९५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICIAN/MAINTENANCE(MALE | 2 | 0 | 1400 | ५०,५२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
श्रम इजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590

**युएइमा रोजगार** कम्पनी : GROUP 4 SECURICOR FACILITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ LT. No. 315287 चलानी नं. ६०२२९५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Porter | 100 | 0 | 800 | २९,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal, Tel : +977-1-4561946, 4561827
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np
श्रम इजाजत नं. ५१६/०६१/०६२

**युएइमा रोजगार** कम्पनी : LULUT AL NAHDA PLASTER AND TILE CONT

पूर्व स्वीकृति मिति : २०८०/११/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२७ LT. No. 300521 चलानी नं. ६०२१५४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 10 | 0 | 900 | ३३,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 10 | 0 | 1200 | ४३,३०६ | | | | | | | |
| 3 | Plaster | 5 | 0 | 1200 | ४३,३०६ | | | | | | | |
| 4 | Tile Layer | 10 | 5 | 1200 | ४३,३०६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Building Factory Company for Advanced Concrete Products

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ LT. No. 315323 चलानी नं. ६०२२९६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 40 | 0 | 1000 | ३६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.G. OVERSEAS PVT LTD
MR Complex 3rd Floor, Ratopool-07, Kathmandu, Tel : +977-1-4534062, 4534063
E-mail : info@dgoverseasnepal.com, dgoverseaspvtltd@gmail.com, Web: www.dgoverseasnepal.com
श्रम इजाजत नं. १७१९


**माइग्रेसन हराएको सूचना**

मिति २०८१/०८/१७ गते सतुङ्गलदेखि कालीमाटी जाने क्रममा मेरो निम्न व्यहोरा भएको सिटीभिटीबाट जारी भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : विपना बस्नेत
CTEVET बाट जारी माइग्रेसन सर्टिफिकेट
सम्पर्क : ९८४९२७७४६८

**मोटरसाइकल हरायो**

बिनोद कुमार भट्टको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०८/१८ गते का.जि.का.न.पा वडा नं.८ पशुपती मन्दिर पार्कीङबाट बेलुकीको ७:३० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

प्रकार – Bajaj Pulsar 150 SD.
बाई नं. BA Pra-02-051 PA 2039
चेसिस नं. MD2A11CXXPRC 56468
इन्जिन नं. DHXPRB23044
ठेगाना – काठमाडौं
सम्पर्क – 9851320037

**गोलिया काठ/ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८

यस सुनामती सा.व.उ.स. तीनपाटन गापा -५ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान ९० को ८२४.३४ क्यू.फि गोलिया काठ र २ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९(संसोधित २०८१) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

श्री सुनामती सा.व.उ.स.
तीनपाटन गापा -५, सिन्धुली


**तु-आवश्यकता**

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।

तलबः ५०,००० सम्म

आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81


**सेफवे बचत तथा ऋण सहकारी संस्था लि.**
पुरानो बानेश्वर-१०, काठमाडौं, फोन नं.०१-४५९९३९२

**१५ औं वार्षिक साधारण सभाको सूचना**

(प्रकाशन मिति : २०८१/०८/२८ गते)

आदरणीय शेयर सदस्य महानुभावहरु

यस **सेफवे बचत तथा ऋण सहकारी संस्था लि.** बानेश्वर-१० काठमाडौंको मिति २०८१।८।२७ गते बिहीबार बसेको सञ्चालक समिति बैठकको निर्णयानुसार यस संस्थाको **१५ औं वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा बस्ने भएकोले संस्थाको विनियम २०६६ को दफा २४ र सो अन्तरगतको उपदफाहरु बमोजिम यो सूचना प्रकाशित गरिएको छ । सो साधारण सभामा अनिवार्य उपस्थितिका लागी सम्पूर्ण सदस्यहरुलाई आमन्त्रण गरिएको छ । साथै यस सहकारी संस्थाको मातृ संस्था गरिबी निवारण संस्था नेपालको वार्षिक साधारण सभा समेत यसै दिनमा हुने समेत जानकारी गराइन्छ ।

**छलफलका विषयहरु**

१. अध्यक्षज्यूबाट संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन ।
२. आ.व. २०८०।०८१ को लेखा परीक्षण प्रतिवेदन ।
३. आ.व. २०८०।०८१ मा सञ्चालक समितिमा भएका निर्णयहरु अनुमोदन गर्ने ।
४. आ व. २०८०।०८१ को लेखा समितिबाट प्रस्तुत हुने प्रतिवेदन
५. आ.व. २०८१।०८२ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने बारे ।
६. विविध ।

**संस्थाको १५ औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समयि**

स्थान : बानसरोवर पार्टी प्यालेस, पुरानो बानेश्वर ।
मिति : २०८१।०९।१९ गते, शुक्रबार
समय : दिनको १३.०० बजे

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate

# Infrastructure Development office(IDO)
## Dunai, Dolpa

# Invitation for Electronic Bids

**First Date of Publication: - 2081-08-28 (13th December, 2024)**
**Last Date of Bid Submission: - 2081-09-28 (12th January, 2025)**

The Infrastructure Development office(IDO) Dunai Dolpa invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contracts are as follows.

| S.N. | Contract ID No. | Descriptions of Works | Estimated Amount (WithVAT, PS ) | Bid Security Amount (NRs) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/DOP/NCB/W/30/2081-082 | Talikula,Kaphani, Juphal Gaun Hudhi Bidi School Samma Sadak RCC Nirman, Thulibheri Municipality 07-08-Dolpa | 47,92,714.14 | 145000.00 | 3,000.00 |
| 2 | IDO/DOP/NCB/W/31/2081-082 | Construction of Basudeu Phue Mathiphue Sharpabhir Hudhi Allu Samma Sadak Nirman Tripurasundari Municipality -04-Dolpa | 38,57435.35 | 116000.00 | 3,000.00 |
| 3 | IDO/DOP/NCB/W/32/2081-082 | Construction of Gairabari Dekhi Harkumba Samma Majhaphal Sadak Nirman, Thulibheri Municipality -05-Dolpa | 38,57,905.12 | 116000.00 | 3,000.00 |
| 4 | IDO/DOP/NCB/W/33/2081-082 | Construction of Hariya Rukha-Khulmora Hudhi Aaregaira Tallo Kharka Samma sadak Nirman, Mudkechulla Rural Municipality 04 , 06-Dolpa | 48,26,160.58 | 145000.00 | 3,000.00 |
| 5 | IDO/DOP/NCB/W/34/2081-082 | Construction of Chilikher Dekhi Mahadev Sadak Upgrading, Jagadulla Rural Municipality 04-Dolpa | 48,26,284.91 | 145000.00 | 3,000.00 |
| 6 | IDO/DOP/NCB/W/35/2081-082 | Construction of Kumli Dekhi Locha Samma Motarbato Upgrading, Thulibheri Municipality- 02-Dolpa | 28,92,149.68 | 87000.00 | 3,000.00 |
| 7 | IDO/DOP/NCB/W/36/2081-082 | Tiplal Basre Dhuska Dheki Ruma Gaun Samma Nirman –Tripurasundari-2-Dolpa | 28,92,180.00 | 87000.00 | 3,000.00 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office(IDO), Dunai Dolpa, and Phone No. 087-550176, Email Address idodolpa@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

Bid Validity and Bid Securicity Validity Period 90 &120 days respectively from the Bid Opening Date.

*Office Chief*

राजधानी न्युज पब्लिकेसनले भन्यो–

# प्रतिष्ठान बाहिरका व्यक्तिहरूले गठन गरेको कार्यसमिति अमान्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पत्रकार महासंघ राजधानी दैनिक प्रतिष्ठान शाखाको कार्यसमिति सर्वसम्मत चयन भएको भनी बाहिर आएको समाचारप्रति राजधानी न्युज पब्लिकेसन प्रालिले आपत्ति जनाएको छ । राजधानी दैनिकको प्रकाशन संस्था राजधानी न्युज पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक आशिष शेरचनले बिहीबार एक विज्ञप्ति जारी गरी यसबारे गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

'नेपाल पत्रकार महासंघको २७औं महाधिवेशनबाट पारित निर्णयअनुसार यही मंसिर २८ गते हुने निर्वाचनका लागि भनी नेपाल पत्रकार महासंघ प्रतिष्ठान शाखाको कार्यसमिति गठन गर्ने क्रममा यही मंसिर २६ गते बुधबार राजधानी दैनिक प्रतिष्ठान शाखाको कार्यसमिति सर्वसम्मत चयन गरेको भनी सामाजिक सञ्जालमार्फत जानकारी प्राप्त हुन आएकोले यस प्रकाशनको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

राजधानी दैनिक प्रतिष्ठानको नाममा अवैध तरिकाले प्रतिष्ठान बाहिर रहेका पत्रकारहरूले कार्यसमिति चयन गरेको पाइएकोले त्यसलाई मान्यता दिन नसकिने उक्त प्रकाशन गृहले प्रस्ट पारेको छ । 'राजधानी न्युज पब्लिकेसन प्रालिलाई कुनै पनि जानकारी नगराई सञ्चार प्रतिष्ठानमा आबद्ध नभएका व्यक्तिहरूले प्रतिष्ठानभन्दा बाहिर बसी आफूखुसी गरी मनपरि तवरले राजधानी दैनिक प्रतिष्ठानकै नाममा अवैध तरिकाले कार्यसमिति चयन गरिएको हुँदा यसरी अवैध तरिकाले गरिएको कार्य समितिलाई यस राजधानी न्युज पब्लिकेशनले कुनै पनि हालतमा मान्यता दिनुपर्ने आवश्यकता नै नरहेको कुरा प्रस्ट पार्न चाहन्छौं,' विज्ञप्तिमा प्रस्ट पारिएको छ ।

राजधानी दैनिक पत्रिकालाई समस्यामा पारी बन्द गराउने उद्देश्यका साथ विनाजानकारी तथा राजधानी दैनिक सञ्चार प्रतिष्ठानसँग आबद्ध नभएका व्यक्तिहरू प्रतिष्ठानबाहिर बसी प्रतिष्ठानमा कार्यरत कर्मचारी तथा पत्रकारहरूलाई संलग्न नगराई मनपरि ढंगले कार्यसमिति गठन गरेको बुझाइ उक्त प्रकाशन गृहको रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । 'राजधानी दैनिकलाई समस्यामा पार्ने नियतका साथ गठन भएको कार्यसमितिलाई नेपाल पत्रकार महासंघले कुनै किसिमको मान्यता दिने छैन भनी विश्वास लिएका छौं,' प्रबन्ध निर्देशक शेरचनले भने ।

## मिडिया एलायन्स नेपालको आपत्ति

यसैबीच मिडिया एलायन्स नेपालले पनि बिहीबार एक विज्ञप्ति जारी गर्दै नेपाल पत्रकार महासंघ राजधानी दैनिक प्रतिष्ठान शाखाको कार्यसमिति गठन प्रक्रियाप्रति आपत्ति प्रकट गरेको छ । शाखाको कार्यसमिति गठन प्रक्रियाबारे सम्बन्धित सञ्चार प्रतिष्ठानलाई कुनै पनि जानकारी नगराई, सञ्चार प्रतिष्ठानसँग आबद्ध नभएका व्यक्तिहरूले मनपरि ढंगले कार्यसमिति निर्माण गर्ने कार्य आपत्तिजनक भएको संस्थाको भनाइ छ ।

'नेपाल पत्रकार महासंघको महाधिवेशनको बहानामा सञ्चार प्रतिष्ठानमा आबद्ध नै नभएका व्यक्तिहरूसहितको प्रतिष्ठान शाखाको कार्यसमिति गठन प्रक्रियाप्रति यस मिडिया एलायन्स घोर आपत्ति प्रकट गर्दछ र नेपाल पत्रकार महासंघलाई यसअघि पनि सो सम्बन्धमा जानकारी गराएको पुनःस्मरण गराउँदछौं,' संस्थाका महासचिव दिरेकलाल श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'महासचिव सञ्चार प्रतिष्ठानसँग कुनै पनि किसिमको सहकार्यविना र आबद्ध नभएका व्यक्तिहरूको सहभागितामा गठन भएको नेपाल पत्रकार महासंघ प्रतिष्ठान शाखालाई मिडिया एलायन्स आबद्ध कुनै पनि सञ्चार प्रतिष्ठानले मान्यता दिन बाध्य नहुने कुरा प्रस्ट पार्न चाहन्छौं ।'

यद्यपि, सञ्चार उद्योग क्षेत्रलाई अझै व्यवस्थित र व्यावसायिक बनाउन मिडिया एलायन्स नेपाल सधैं महासंघसँग समन्वय, सहयोग र सहकार्य गर्न तयार रहेको विज्ञप्तिमा प्रस्ट पारिएको छ ।

# एम्बुलेन्स दुरुपयोगसम्बन्धी सूचना दिन स्वास्थ्य मन्त्रालयको अपिल

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एम्बुलेन्स दुरूपयोगसम्बन्धी सूचना प्राप्त भएमा खबर गर्न अपिल गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले यदि कोही कसैबाट एम्बुलेन्सको दुरूपयोग गरिएका सूचना भएमा मन्त्रालयको विभिन्न सञ्जालमा पठाउन आग्रह गरे । त्यस्ता सूचना प्राप्त भएमा यस मन्त्रालयको ह्वाट्सएप र भाइबर नम्बर ९८५१३३०५९२, मन्त्रालयको फेसबुक तथा एक्स (ट्विटर), मन्त्रालयको इमेल वा सोझै मन्त्रालयमा वा हुलाकमार्फत मन्त्रालयमा आफ्नो गुनासो पठाउन सकिने उनले जानकारी गराए ।

बिहीबार स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै हाल देशका विभिन्न स्थानमा एम्बुलेन्स सेवाको दुरूपयोग भएको गुनासो प्राप्त भइरहेको उल्लेख गरेको छ । प्रवक्ता डा. बुढाथोकीले भने, 'एम्बुलेन्स दुरूपयोग रोक्न मन्त्रालयले निरन्तर अनुगमन गरिरहेको छ, राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ अनुसार एम्बुलेन्स सेवाको दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित एम्बुलेन्सलाई सचेत गराउनेदेखि निलम्बन र खारेजीसम्मको प्रक्रिया अगाडि बढाउने व्यवस्था रहेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'देशभर सञ्चालित एम्बुलेन्सलाई एकद्वार प्रणालीमार्फत छिटो र छरितोरूपमा सञ्चालन गरी बिरामी घाइतेलाई अस्पतालसम्म पुर्‍याइ नागरिकलाई सहज र सरल आकस्मिक स्वास्थ्य सेवासहितको एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ ।' डा. बुढाथोकीले मन्त्रालयबाट एम्बुलेन्स निर्देशिकामा कार्यान्वयनमा रहेको र उक्त निर्देशिकाबमोजिम मापदण्ड पूरा गर्ने एम्बुलेन्स र स्वास्थ्य संस्थालाई मात्र दर्ता र सञ्चालन अनुमति दिने र राजस्व छुटका लागि सिफारिस गर्ने भइरहेको बताए ।


करैयामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
मधेश प्रदेश, नेपाल

**विषयः- बोलपत्र स्विकृत गर्ने आशयको सूचना ।**

प्रकाशित मिति २०८१।०८।२८

यस करैयामाई गाउँपालिकामा रित पूर्वक दर्ता हुन आएको तपसिल बमोजिमको बोलपत्र मिति २०८१।०८।२० गतेको मूल्याङ्कन समितिको सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्र/ठेक्का नं. | कामको विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम/ठेगाना | कबोल गरेको रकम रु. (भ्याट र पि.एस.समेत) |
|---|---|---|---|---|
| १ | KRM/NCB/W/01/081/082 | Construction of Blacktopped Road And RCC Drain from Karaiya-Tetariya-Sed-hwa-Sihorwa to Madhuwan | Archana-Bikash JV | 15861272.7 |

(नि.प्रमुख प्रशासकीय अधिकृत)

**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
MORANG , KOSHI PROVINCE, NEPAL

**Invitation For E-Bid**

**Date of Publication: 28th Mangsir, 2081**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.
2. The details of the project is as follows :

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/SQ/081/082/10 | Jahada-01 sthit singhiya khola tatbandh marmat (bhuvneswor malah ko khet agadi) | Rs 1,458,255.56 | 1,000.00 | 11:00 AM on 2081/09/05. | 12:00 PM on 2081/09/14. | 1:00 PM on 2081/09/14. | 37,000.00 |
| JRM/WORKS/SQ/081/082/11 | Ward no-7 ko lohondra khola (pul purwa) badhko najik katan niyantran karya | Rs. 709,886.10 | 1,000.00 | 11:00 AM on 2081/09/05. | 12:00 PM on 2081/09/14. | 1:00 PM on 2081/09/14. | 18,000.00 |
| JRM/WORKS/SQ/081/082/12 | Purchase of Two Wheeler Motor Vehicles. | Rs. 1,646,017.70 | 1,000.00 | 11:00 AM on 2081/09/05. | 12:00 PM on 2081/09/14. | 1:00 PM on 2081/09/14. | 46,500.00 |

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**



## साउदीमा रोजगार

कम्पनी : SANDAN AL SAHARA CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 313894 | चलानी नं. ६०२२८३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 25 | 0 | 1000 | ३६,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN THERMAL AIRE INDUSTRIES CO.LTD

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 310452 | चलानी नं. ६०२२५०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338, Fax: 01-4362338,
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
License No. : 333/059/60

## युएइमा रोजगार

कम्पनी : Careerline for Employment

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 315307 | चलानी नं. ६०२२९६३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४४,३०५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४४,३०५ | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४४,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

## साउदीमा रोजगार

कम्पनी : MAN ENTERPRISE AL SAUDIA IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 315219 | चलानी नं. ६०२२९५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Loading Unloading worker | 1 | 0 | 1100 | ३९,६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABBAD FACILITIES OPERATION & MAINTAINANCE EST

पूर्व स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 315220 | चलानी नं. ६०२२९५९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Cleaning Labour | 1 | 0 | 1000 | ३६,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४३,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## बहराइनमा रोजगार

कम्पनी : Chargery General Trading

पूर्व स्वीकृति मिति : २०८०/११/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 300323 | चलानी नं. ६०२१५२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 2 | 2 | 120 | ४३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 2 | 2 | 100 | ३५,९६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75

## युएइमा रोजगार

कम्पनी : TOP ONE BUILDING CLEANING

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२७ | LT. No. 305469 | चलानी नं. ६०२२०२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 22 | 10 | 800 | २९,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

## युएइ/कतारमा रोजगार

कम्पनी : DREAM CATCHER TECHNICAL SERVICES EST.

पूर्व स्वीकृति मिति २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/२७ | LT. No. 304654 | चलानी नं. ६०२१९३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 10 | 0 | 1200 | ४३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1200 | ४३,७६५ | | | | | | | |
| 4 | Steel Fixer | 5 | 0 | 1200 | ४३,७६५ | | | | | | | |

कम्पनी : RAPTI RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/२७ | LT. No. 301750 | चलानी नं. ६०२१६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५५,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९२,९३५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३७,१७५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५५,७६० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५५,७६० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५५,७६० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १११,५२५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५५,७६० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९२,९३५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५२,०४५ | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/२७ | LT. No. 301566 | चलानी नं. ६०२१६४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 0 | 3000 | १११,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2500 | ९२,९३५ | | | | | | | |
| 3 | Foreman | 22 | 0 | 1000 | ३७,१३५ | | | | | | | |
| 4 | General Clean Worker | 1 | 0 | 1000 | ३७,१७५ | | | | | | | |
| 5 | Labour | 32 | 0 | 1000 | ३७,१७५ | | | | | | | |
| 6 | Labour Services | 1 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९२,९३५ | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९२,९३५ | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८१/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/२७ | LT. No. 307266 | चलानी नं. ६०२२२०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 2000 | ७४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 2 | 0 | 1000 | ३७,१७५ | | | | | | | |
| 3 | Foreman | 12 | 0 | 2500 | ९२,९३५ | | | | | | | |
| 4 | General Clean Worker | 24 | 48 | 1000 | ३७,१९५ | | | | | | | |
| 5 | Labour | 12 | 0 | 1000 | ३७,१९५ | | | | | | | |
| 6 | Labour Services | 5 | 0 | 1000 | ३७,१९५ | | | | | | | |
| 7 | Mason | 6 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1200 | ४५,१०० | | | | | | | |
| 9 | Services Employee | 3 | 0 | 1000 | ३७,१९५ | | | | | | | |

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L

पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०८/२७ | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४८,३२५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५५,७६० | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९२,९३५ | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३७,१९५ | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४८,३२५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४८,३२५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४८,३२५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७८,०६५ | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९२,०९५ | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५५,७६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ५ गते (20th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### त्रिविमा राजनीति बन्द गर

बिहीबार त्रिभुवन विश्वविद्यालयमा प्रधानमन्त्री केपी शर्मा ओलीले घुमाउरो पारामा हस्तक्षेप गर्ने प्रयास गरे । त्रिविको सिनेटमा प्रधानमन्त्री ओली कुलपतिको हैसियतमा अध्यक्ष हुन्छन् । अहिले त्रिविका विभिन्न संकायमा ८ डिन र १८ वटा क्याम्पस प्रमुखबिहीन छन् । त्रिविको दीक्षान्त समारोह पुस १३ गते हुँदैछ । तर त्रिविले डिन र प्राध्यायपक नियुक्त गर्न सकेको छैन । नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार भएको बेला प्रधानमन्त्रीको दलका नेताहरूले आफू निकटका व्यक्तिहरूलाई डिन र क्याम्पस प्रमुख बनाउने प्रयासमा लागेका छन् ।

जुनकुरा सिनेटको बैठकमा छर्लाङ्गै देखिन्थ्यो । प्रधानमन्त्री ओलीले आफ्ना विद्यार्थी नेता र कर्मचारी नेताहरू उचालेर बैठकमा उपकुलपति प्राडा केशरजंग बरालमाथि खनिन लगाए । उपकुलपति प्राडा बराल त्रिविमा मेरिटोक्रेसीको आधारमा डिन र प्राध्यापक नियुक्त गर्नुपर्ने अडानमा छन् । तर प्रधानमन्त्री ओलीले उचालेको कर्मचारी नेता र विद्यार्थी नेता भने मेरिटोक्रेसीको विरोधमा उत्रिएका थिए । उनीहरूले प्रधानमन्त्री बोलाएर यस्तो जात्रा गर्ने भन्नेदेखि मेरिटोक्रेसी उपकुलपतिको मान्छे नियुक्त गर्न ल्याएको बाहना भएकोसम्म भन्न भ्याए ।

बैठकमा अधिकांश सिनेट सदस्यले प्राडा बरालविरुद्ध बोल्दा त्रिविका सहकुलपतिसमेत रहेकी सिनेट उपाध्यक्ष शिक्षामन्त्री विद्या भट्टराईले चुइक्क बोलिनन् । बराल पनि सिनेट सदस्यहरूको आक्रोशसामू नझुकेपछि पुस ७ गतेभित्र नयाँ डिन ल्याएर आउन उपकुलपतिलाई आग्रह गरे । बैठकभर आफूले डिन नियुक्तीमा कुनै हस्तक्षेप नगरेको दाबी गर्दै मेरिटोक्रेसीको नाममा नाटक मञ्चन हुन नहुने बताए । ओली बोल्नुअघि एमाले विद्यार्थी नेताले मेरिटोक्रेसीको नाममा उपकुलपतिले नाटक मञ्चन गरेको आरोप लगाए ।

केही दिनअघिमात्र एमाले महासचिव शंकर पोखरेलले मेरिटोक्रेसीको विरोध गरेका थिए । त्रिविको रिक्त डिन र प्राध्यापक नियुक्तीको संघारमा सरकारमा रहेको एमालेले उपकुलपछि बरालविरुद्ध घेराबन्दी गर्न थालेको हो । बराल कांग्रेस र माओवादी केन्द्र गठबन्धनको सरकार रहेको बेला उपकुलपतिमा नियुक्त भएका व्यक्ति हुन् । उनी माओवादी निकट भएको आरोप लगाउँदै एमालेले अहिले त्रिवि बरालकै आधारमा धार ासयी भएको आरोप लगाएका छन् । शिक्षा क्षेत्रमा राजनीतिकरण उसै बढ्दो छ । अहिले एमाले नेतृत्वको सरकारमा शिक्षा क्षेत्रमा पार्टीनिकट नेताहरूलाई ठाउँ दिने प्रयास भइरहेको छ । यस्तो हुनु दुर्भाग्य हो ।

## मनन्योग्य

### चाणक्य नीति

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'


गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

# 'अर्थतन्त्रमा सुधारका संकेतहरू देखापर्दै छन्'



नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल वर्तमान सरकारका उपप्रधानमन्त्री एवं अर्थमन्त्री छन् । कोरोना महामारी, रूस युक्रेन युद्ध आदिका कारण बिग्रिएको विश्वको अर्थतन्त्रको असर नेपालमा पनि पर्‍यो र अर्थतन्त्र संकटमा परेका बेला उनले अर्थमन्त्रीको जिम्मेवारी सम्हालेका छन् । अहिले नेपालको अर्थतन्त्रमा केही सुधारका संकेतका खबरहरू आइरहेका बेला उनले सम्हालेको अर्थ मन्त्रालयका चार महिनाका कामकारबाही, हाल अर्थतन्त्रमा देखिएको भनिएको सुधार र एमालेको आन्तरिक राजनीतिका विषयमा केन्द्रित रहेर *रासस*ले गरेको कुराकानीको सम्पादित अंशः

**विष्णुप्रसाद पौडेल**, उपप्रधान एवं अर्थमन्त्री

**यहाँले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेको चार महिना बितिसकेको छ । यस अवधिमा अर्थतन्त्रका समस्या समाधान गर्न र अर्थतन्त्रलाई चलायमान बनाउन के पहल गर्नुभयो ?**

अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेपछि हामी मुलुकको समग्र आर्थिक अवस्थाको बारेमा सूक्ष्मरूपमा जानकारी लिन, समस्या पहिचान गर्न र समाधान गर्नमा केन्द्रित भएका छौं । परिणामतः अर्थतन्त्रमा सुधारका संकेतहरू देखापर्दै गएका छन् । निजी क्षेत्रको आत्मविश्वास बढेको छ र लगानीको वातावरण बन्दै गएको छ । मन्त्रालयमा बहाल भएलगत्तै हामीले १०० दिने कार्ययोजना बनायौं र तीमध्ये ९० प्रतिशतभन्दा बढी कार्यान्वयन गरेका छौं ।

मुलुकको अर्थतन्त्र सुधारका लागि हामीले अर्थ जगतका अनुभवी, विज्ञ र निजी क्षेत्रका छाता संगठनका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेका छौं । यसबीचमा हामीले नीतिगत क्षेत्रमा केही महत्त्वपूर्ण काम पनि सम्पन्न गरेका छौं । बिमा नियमावली, साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी नियमावली, भन्सार महसुल नियमावली, आन्तरिक राजस्व परिचालन रणनीति, भन्सार मूल्यलाई कारोबार मूल्यमा आधारित बनाउने रणनीति, सार्वजनिक संस्थानमा ऋण तथा लगानीसम्बन्धी नीति, आन्तरिक ऋण निष्कासन तथा व्यवस्थापन कार्यविधि पारित भई कार्यान्वयनमा आएका छन् ।

उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिदको भुक्तानीमा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम सम्बन्धित खरिदकर्ताको बैंक खातामा फिर्ता दिने कार्य प्रारम्भ भएको छ । तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेहीकल स्क्यानर मेसिन प्रयोगमा ल्याइएको छ । भन्सार प्रज्ञापनपत्रको मुख्यमुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई एसएमएस वा इमेलमार्फत गराउने प्रणाली सञ्चालनमा आएको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको अभौतिकीकरण (डिम्याट) को कार्य आरम्भ भएको छ ।

**यहाँले धेरै काम भयो भन्नुभयो तर निम(णि व्यवसायीको भुक्तानी, राजस्व संकलन, पुँजीगत खर्चलगायतका समस्या समाधान हुन त बाँकी नै देखिन्छ नि ?**

हामीले जिम्मेवारी लिँदा अघिल्लो वर्ष भुक्तानी हुनुपर्ने दायित्वसमेत बाँकी रहेको चिन्ताजनक अवस्था थियो । यसबीचमा बाँकी भुक्तानी दायित्व पूरा गर्नका लागि अर्थ मन्त्रालयले सहजीकरण गरेको छ र क्रमशः भुक्तानी हुँदै पनि गएको छ । कानुनसम्मत ढंगले सिर्जित भुक्तानी दायित्व यथाशीघ्र पूरा गर्ने क्रम जारी छ । आयोजनाहरूको वर्गीकरण र बहुवर्षीय स्रोत सुनिश्चितताका बारेमा विद्यमान द्विविधा हटाउने र स्पष्ट मापदण्डका आधारमा अघि बढ्ने प्रयास भइरहेको छ । विदेशी मुद्राको सञ्चिति, भुक्तानी सन्तुलन, विप्रेषण आप्रवाह, बैंकहरूमा तरलताको अवस्था, ब्याजदर जस्ता विषयहरूमा उल्लेखनीय सुधार भएको छ ।

पुँजीबजार चलायमान र सुधारोन्मुख अवस्थामा आएको छ । लामो सयमदेखि अनीर्णित अवस्थामा रहेको धितोपत्र बोर्डको अध्यक्षको नियुक्ति भएको छ । गत आर्थिक वर्षको पहिलो चार महिनामा ३.२ प्रतिशत राजस्व वृद्धिदर रहेकोमा यस वर्षको सोही अवधिमा १७ प्रतिशतले वृद्धि भएको छ । राजस्व चुहावट नियन्त्रणका लागि केन्द्रीय द्रुत गस्ती टोली परिचालनलगायतका विभिन्न उपायहरू अवलम्बन गरिएको छ । वैदेशिक सहयोग (अनुदान तथा ऋण) परिचालनको अवस्था तुलनात्मक रूपमा सकारात्मक बन्दै गएको छ ।

त्यसैगरी महँगी र मुद्रास्फीति नियन्त्रित अवस्थामा छ । पुँजीगत खर्च गत वर्षको पहिलो चार महिनाको तुलनामा यस वर्ष चार अर्ब रूपैयाँले बढी भएको छ । गैरआवासीय नेपालीले लगानी गर्ने गरी स्थापना गरिएको एनआरएनए डेभलपमेण्ट फण्ड कार्यान्वयनको चरणमा आइपुगेको छ । सरकारी स्वामित्वका बन्द तथा रुग्ण उद्योग तथा प्रतिष्ठानहरूको अवस्था यकीन गरी पुनःसञ्चालन गर्न र सञ्चालनमा रहेकाहरूको क्षमता विस्तार गर्न तयारी कार्य अघि बढाइएको छ । निजी क्षेत्रलगायत उत्पादनका हरेक क्षेत्रको मनोबल उठाउन सहयोग र सहजीकरण गरिएको छ । विश्व बैंकका अनुसार गत वर्ष ३.९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यो वर्ष ५.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ । नेपाल सन् २०२६ मा अतिकम विकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुने आधार तयार भइरहेको छ ।

केही हप्ताअघि हामीले इतिहासमै पहिलोपटक अन्तर्राष्ट्रिय क्षेत्रको प्रतिष्ठित संस्था फिच रेटिङबाट सोभरेन कन्ट्री रेटिङको काम सम्पन्न गरेका छौं र 'डबल बी माइनस्' नतिजा सार्वजनिक भएको छ । यसबाट नेपालको अवस्था दक्षिण एसियामा भारतपछिको दोस्रो स्थानमा छ भन्ने पुष्टि भएको छ । नेपाल लगानीका लागि अनुकूल गन्तव्य हो भन्ने सन्देश विश्वव्यापीरूपमा नै प्रवाह भएको छ ।

**यहाँ त आफूले गरेका कामहरूप्रति सन्तुष्टजस्तो देखिनुहुन्छ । तर आमनागरिक विशेषतः निजी क्षेत्रले चिन्ता व्यक्त गरिरहेका छन् । यस सम्बन्धमा के भन्नुहुन्छ ?**

हामीले सबै समस्याको समाधान भयो भनेका छैनौं । हाम्रो अर्थतन्त्रका समस्याको बारेमा हामी जानकार नै छौं । समस्या समाधान गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी हाम्रो हो, सरकारको हो भन्ने कुरामा स्पष्ट छौं । भन्न के खोजिएको हो भने हामीले जिम्मेवारी सम्हाल्दा विर ासतले छाडेका समस्याको चाङमा उभिनुपर्ने अवस्था थियो । स्रोत व्यवस्थापन, विनियोजन कौशल र बजेट अनुशासनका प्रश्नमा अनेकन समस्याहरू थिए । एकैपटक हजारौं हजार आयोजना थप गरिएको, ३१ प्रतिशत वृद्धिको लक्ष्य राखेर विश्वास गर्न नसकिने स्रोत अनुमान गरिएको जस्ता गम्भीर समस्याहरू हाम्रा सामु उपस्थित थिए ।

समग्र मागमा भारी गिरावट, उद्योगहरूको उत्पादनमा ६० प्रतिशतसम्मको गिरावट, निर्यातमा मात्र होइन, आयातमा पनि भारी मात्रामा गिरावट, रोजगारीमा कटौती, राजस्व परिचालन र पुँजीगत खर्चको चिन्ताजनक अवस्था, सरकार अनिवार्य दायित्व भुक्तानीबाटसमेत पन्छिन खोजेको अवस्थाका साथै बजेट निर्माणसँगै जोडिएर आएका अनेकन समस्याको चाङ थियो । दुई-चार महिनामा अर्थतन्त्रका यी सबै संग्रहित समस्याको समाधान सम्भव थिएन ।

तर पनि यो छोटो अवधिमा उल्लेखनीय काम सम्पन्न भएका छन् । मूल कुरा मुलुक कता जाँदै छ र मुलुकको अर्थतन्त्र कता जाँदै छ भन्ने हो । हामीले मुलुकको अर्थतन्त्रलाई ओरालो लाग्नबाट रोकेका छौं र सकारात्मक दिशातर्फ फर्काएका छौं । निजी क्षेत्रलगायत उत्पादनका हरेकजसो क्षेत्रमा आत्मविश्वास बढ्दै गएको छ । अर्थतन्त्रमा सुधारका संकेतहरू देखापरेका छन् र तिनीहरूलाई अझ प्रभावकारी बनाउनुपर्ने छ । बैंकमा सस्तो ब्याज र पर्याप्त तरलता छ तर त्यसलाई उत्पादन र उत्पादकत्व वृद्धिमा, रोजगारी सिर्जनामा परिचालन गर्नुपर्ने छ ।

निजी क्षेत्रका जायज सरोकारहरूलाई सम्बोधन गर्नुपर्ने छ । आमनागरिकलाई रोजगारी वा स्वरोजगारीसँग जोड्नु छ, उनीहरूको आयआर्जन बढाउनु छ र समग्र मागमा वृद्धि गर्नु छ । हो, हामी यही काममा लाग्दै छौं । हामी अर्थतन्त्रलाई चलायमान बनाउने र राजस्व परिचालन तथा पुँजीगत खर्च वृद्धि गर्ने कुरामा अझ बढी केन्द्रित भइरहेका छौं ।

**अब अलिकति फरक प्रसंगमा जाऔं । कांग्रेस र एमालेको बीचमा देखापरेको दरारले गठबन्धन पूरा अवधि चल्दैन भन्ने चर्चा हुन थालेको छ । मत भिन्नताका बीचमा यस गठबन्धनलाई कसरी गन्तव्यसम्म पुऱ्याउनुहुन्छ ?**

संविधान निर्माण भएपछि नेपाली जनताको चाहना सामाजिक न्यायसहितको समृद्धि हो । तर राजनीतिक अस्थिरताले हामीलाई त्यसतर्फ अघि बढ्न दिइरहेको थिएन । लामो इतिहास, योगदान र हैसियत भएका कांग्रेस, एमालेजस्ता पार्टीसँग बहुमत नहुने, साना दलहरूलाई जोडेर निर्माण गरिएको बहुमत लामो समय टिक्न र जनताको पक्षमा राम्रो डेलिभरी दिन नसक्ने समस्या हाम्रा सामु थियो । २०७९ सालमा निर्वाचित भएको प्रतिनिधिसभाभित्रबाट राजनीतिक स्थायित्वसहितको विकासको यात्रा तय गर्न कांग्रेस एमालेको सहयात्राबाहेक अर्को कुनै विकल्प थिएन ।

> निजी क्षेत्रको आत्मविश्वास बढेको छ र लगानीको वातावरण बन्दै गएको छ । मन्त्रालयमा बहाल भएलगत्तै हामीले १०० दिने कार्ययोजना बनायौं र तीमध्ये ९० प्रतिशतभन्दा बढी कार्यान्वयन गरेका छौं । मुलुकको अर्थतन्त्र सुधारका लागि हामीले अर्थ जगतका अनुभवी, विज्ञ र निजी क्षेत्रका छाता संगठनका प्रतिनिधिहरु सम्मिलित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेका छौं ।

निर्वाचनपछिका थरी-थरीका गठबन्धनका अभ्यास र तीनका परिणामले पनि यही शिक्षा दिएको थियो । यही पृष्ठभूमिमा यो सरकार बनेको हो ।

नेपाली कांग्रेस र एमालेको बीचमा कायम भएको यो राजनीतिक सहयात्रा कुनै काँचो धागोमा अडिएको छैन । यो निश्चित ध्येय र उद्देश्यमा आधारित छ । राजनीतिक स्थायित्वको बलमा संविधानको रक्षा र विकास, सबै प्रकारका अतिवाद र अस्थिरताका प्रवृत्तिहरूको अन्त्य, सामाजिक न्यायसहितको विकास र समृद्धि यो सहयात्राको मुख्य उद्देश्य हो । मुलुकलाई सकारात्मक दिशामा लैजान वर्तमान प्रतिनिधिसभाभित्र खोज्न सकिने यो अन्तिम विकल्प पनि हो ।

कांग्रेस र एमालेको बीचमा यो सहयात्रा नहोस् भन्नेहरू निकै सक्रिय थिए । तिनको प्रयासलाई असफल पारेर यो सहयात्रा सुरु भएको हो । अब पनि कांग्रेस र एमालेको बीचमा दरार सिर्जना गर्न र यी दुई प्रमुख पार्टीलाई अलग गर्नका लागि अनेक प्रकारका कोसिस भएका छन् र भइरहने पनि छन् । तर हामीले त्यस्ता प्रयासहरूलाई परास्त गर्छौं राजनीतिक स्थायित्व सुनिश्चित गर्छौं । विकास, समृद्धि र सामाजिक न्यायको अभियानलाई तिब्र पार्छौं । जनतामा विशेषगरी युवा-युवतीमा, निजीलगायत उत्पादनका हरेक क्षेत्रमा आशा भर्छौं । यो सहयात्रा २०८४ को आमनिर्वाचनसम्मका लागि हो । त्यतिबेलासम्म नै कायम रहन्छ, कसैले प्वाल पार्ने वा भत्काउने चेष्टा नगरे हुन्छ ।

**त्यसो भए यहाँले भन्नुभएजस्तै कांग्रेस र एमालेका बीचमा कुनै समस्या नै छैन त ?**

तपाईंलाई आश्चर्य लाग्ला हाम्रा बीचमा आजसम्म त्यस्तो कुनै गम्भीर समस्या सिर्जना भएकै छैन । हामीले सरकार सञ्चालनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाली कांग्रेसका सभापतिज्यू र दुवै पार्टीका शीर्ष नेताहरू सम्मिलित साझा संयन्त्र निर्माण गरेका छौं । संयन्त्रअन्तर्गत दुई पार्टीका चार-चार जना नेता सम्मिलित कार्यदल छ । महत्त्वपूर्ण विषयमा निर्णयमा पुग्नुअघि कार्यदल र संयन्त्रमा छलफल गर्ने प्रणालीको पनि विकास गरेका छौं । जसले गर्दा समस्या सिर्जना हुनै पाउँदैन । संयन्त्र, कार्यदल र मन्त्रिपरिषद्मा अत्यन्त जीवन्त र हार्दिक वातावरणमा छलफल हुने गरेको छ । हामीले यही प्रणालीलाई निरन्तरता दिन्छौं र सरकारमा सहभागी पार्टी, विशेषगरी नेपाली कांग्रेस र नेकपा एमालेबीचको आपसी सम्बन्धलाई यसरी नै २०८४ को आमनिर्वाचनसम्म लैजान्छौं ।

**प्रधानमन्त्री केपी शर्मा ओलीले हालैमात्र मित्रराष्ट्र चीनको औपचारिक भ्रमण सम्पन्न गर्नुभएको छ । यो भ्रमणलाई यहाँले कसरी हेर्नुभएको छ ?**

स्वतन्त्र एवं सार्वभौम राष्ट्रको जननिर्वाचित सरकार प्रमुखको हैसियतमा सम्पन्न भएको सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमण अत्यन्त सफल र ऐतिहासिक रहयो । यस भ्रमणले नेपाल र चीनबीचको आपसी सम्बन्धलाई नयाँ उचाइमा उठाएको छ । भ्रमणका क्रममा विगतमा भएका सम्झौताहरूको कार्यान्वयनमा जोड दिनुका साथै नयाँ ऐतिहासिक महत्त्वका सम्झौताहरू पनि सम्पन्न भएका छन् । नेपालको आर्थिक विकास, विशेषगरी पूर्वाधार विकासमा यी सम्झौताहरूको विशेष र दूरगामी महत्त्व छ ।

**तर पनि भ्रमणको प्रभाव त मिश्रितजस्तो देखियो नि ? कांग्रेसकै कतिपय नेताले चीन भ्रमणका क्रममा भएका सम्झौता, विशेषगरी "बिआरआई फ्रेमवर्क" प्रति नकारात्मक टिप्पणी गरिरहेको देखिएको छ । भ्रमणको सफलतामथि प्रश्न खडा भएन र ?**

होइन, विषयलाई त्यसरी बुझ्न हुँदैन । नेपाली कांग्रेसको आधिकारिक धारणालाई पार्टी सभापतिले प्रतिनिधित्व गर्नुहुन्छ भन्ने मैले बुझेको छु । कांग्रेसका पार्टी सभापति देउवाज्यूले सम्माननीय प्रधानमन्त्रीज्यूको चीन भ्रमणलाई अत्यन्त सफल भन्नुभएको छ । त्यतिमात्र होइन उहाँले सम्माननीय प्रधानमन्त्री र उहाँको नेतृत्वको सरकारले राम्रो काम गरेको पनि बताउनुभएको छ । फ्रेमवर्क फर बेल्ट एण्ड रोड कोअपरेसन एग्रिमेण्टका बारेमा सम्झौता गर्नुपूर्व दुवै पार्टीको शीर्ष नेतृत्व तहमा गम्भीरतापूर्वक छलफल भएको छ, के गर्ने के नगर्ने भन्ने विषयमा सहमति भएको छ । बिआरआई सम्झौतमा भएको हस्ताक्षर नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहमतिअनुरूप नै छ । कसैले यस विषयलाई उछालेर दुई प्रमुख पार्टीका बीचमा अन्तरविरोध सिर्जना गर्न सकिन्छ कि भन्ने ठानेको छ भने त्यो भ्रममात्र हो ।

**एमालेभित्रको अन्तरविरोधलाई भुसको आगोजस्तो अवस्थामा छ भन्छन् नि मानिसहरु । यस विषयमा यहाँको भनाइ के छ ?**

नेकपा एमाले एउटा यस्तो पार्टी हो, जहाँ नीति र नेतृत्वको प्रश्नमा कुनै मतभेद छैन । हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका लागि क्रियाशील छौं । जनताको बहुदलीय जनवाद र दशौं राष्ट्रिय महाधिवेशनका निष्कर्षहरूप्रति सिंगो पार्टी पंक्तिमा गहिरो विश्वास छ । त्यसैगरी पार्टी अध्यक्षज्यूप्रति समस्त पार्टी पंक्तिको उच्च सम्मान र भरोसा छ । उहाँ वैधानिक व्यवस्थाअनुरूपको निर्वाचित अध्यक्षमात्र होइन, समस्त पार्टी पंक्तिको विश्वास जितेको आस्थाको अध्यक्ष हुनुहुन्छ ।

पछिल्लो दशकमा हाम्रो पार्टीले उपलब्धि र चुनौतीका जे-जस्ता शृंखला पार गर्दै आजको यो ठाँउसम्म आइपुगेको छ । उहाँको दूरदृष्टियुक्त, सुझबुझपूर्ण र साहसिक नेतृत्व नभएको भए त्यो सम्भव हुने थिएन । हो, पार्टीभित्र परिस्थिति वा घटना विशेषमा आधारित भएर असहमति वा अन्तरविरोधहरू देखापर्न सक्तछन् तर हामीले तीनलाई तत्क्षण त्यही ठाउँमा समाधान गर्दै पार्टीको आन्तरिक एकतालाई अक्षुण्ण राख्छौं र पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउँछौं ।

अब हुने एमालेको ११औं राष्ट्रिय महाधिवेशन नीति र नेतृत्व दुवै प्रश्नमा पूर्णसहमतिका साथ सम्पन्न हुने छ । अन्य पदहरूमा निर्वाचन भएछ भने पनि मूल नेतृत्वमा, अध्यक्ष पदमा निर्वाचन हुने कुनै सम्भावना छैन । एमालेलाई मात्र होइन, सिंगो राष्ट्रलाई सफल नेतृत्व प्रदान गर्नुभएका पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूका विरुद्ध कसैले उम्मेवारी दिन्छ भन्ने मलाई लाग्दैन ।

**त्यसो भए के ११औं महाधिवेशनपछि पनि केपी ओली नै अध्यक्ष रहिरहनुहुन्छ ? तपाईंहरुसँग नेतृत्व गर्न सक्छु भन्ने आत्मविश्वास नभएको त होइन ?**

प्रश्न आत्मविश्वासको होइन, प्रश्न सक्षम नेतृत्वको हो । हाम्रो पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूले नेकपा एमालेलाई मात्र होइन सिंगो राष्ट्रलाई योग्यतापूर्वक नेतृत्व गरिरहनुभएको छ । उहाँको क्षमता, सक्रियता र नतिजामूलक कामसँग तुलना गर्ने अर्को कुनै नेता नेकपा एमालेमा छैन । अनि किन खोज्नुपर्‍यो नेतृत्वको विकल्प ? नेतृत्व भनेको रहरको विषय पनि होइन । यो त इतिहास, योगदान, क्षमता र राष्ट्र तथा अन्तरराष्ट्रमा स्वीकार्यताको विषय पनि हो । म स्पष्ट भाषामा भन्न चाहन्छु, ११औं राष्ट्रिय महाधिवेशनबाट सर्वसम्मतिका साथ उहाँ नै अध्यक्षमा निर्वाचित हुनुहुन्छ । यस विषयमा कोही पनि द्विविधामा रहन आवश्यक छैन ।

# लैंगिक समानताको नीति उपलब्धिका लागि प्रयासरत

■ रूपनी जिएम

**जानकी (बाँके)–** 'हाम्रो पालिकामा लैंगिक समानता नीति बनेको हुनाले हामीले पाउने अधिकारको प्रत्याभूति भएको छ' यो भनाइ हो बाँके कोहलपुर नगरपालिका–४ की विष्णुमाया अधिकारीको । उनका अनुसार बाँकेको कोहलपुर नगरपालिकाले 'लैंगिक समानता नीति' बनाएकै कारण विशेषगरी महिलाका अधिकारमा महिलाले अवसर पाएका छन् । पालिकाले 'लैंगिक समानता नीति' लाई नीतिगत रूपमा लागू गरेर व्यावहारिक कार्यान्वयनको पक्षमा पनि जोड दिएको हुनाले महिला सशक्तीकरण र समावेशीको पक्षमा स्थानीय सरकार संवेदनशील भएको विष्णुमायाले बताइन् ।

विष्णुमायाजस्तै सोही पालिका–१ की सावित्रा भण्डारीले पनि पालिकाले 'लैंगिक समानता नीति' बनाएकामा यसले महिला, किशोरी, तथा बालिकाको हक र अधिकारको विषयमा स्थानीय सरकार गम्भीर रहेको बताइन् । 'बाँकेमा अरु पनि पालिका छन् तर केही पालिकामा लैंगिक समानता नीति नबनेकै कारण महिला, किशोरी तथा बालिकाहरू आफ्नै अधिकारको प्रत्याभूतिसम्म गर्न सकिरहेका छैनन्,' उनले भनिन्, 'तर हाम्रो पालिकामा महिला, किशोरी, तथा बालिकाले त्यस्तो पीडाबोध गर्नुपरेको छैन ।'

कोहलपुर नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख घटना शाहका अनुसार नगरपालिकाले २०७६ सालमा बनाएको लैंगिक समानता नीतिअनुसार नै काम गरिरहेको छ । नीतिले महिला, किशोरी तथा बालिकालाई प्राथमिकता दिएको उनको भनाइ छ । 'नीति निर्माण हुनु नै पहिलो चरणको कार्यारम्भ हो । महिलाका लागि समाजमा रहेको सदियौंदेखिको विभेद् र हिंसा एकैपटक अन्त्य हुन सक्दैन,' उनले भनिन्, 'विभेद् अन्त्यका लागि पालिकाले महिला, किशोरी तथा बालिकाको सामाजिक र आर्थिक विकासका लागि कार्यक्रमित र संरचनागत नीति बनाएको छ ।'

नेपालगञ्ज उपमहानगरपालिकाले नेपालको संविधान २०७२, १५औं पञ्चवर्षीय योजना र राष्ट्रिय लैंगिक समानता नीति २०७७ को मूल भावना, मर्म र पालिकाको सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थालाई मध्यनजर गर्दै लैंगिक समानता नीति बनाएको महिला बालबालिका तथा ज्येष्ठ नगरिक शाखा प्रमुख मञ्जु पाण्डेले बताइन् । 'नीतिअनुसारको कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट नभए पनि अन्तरशाखा समन्वयका आधारमा लैंगिक समानतालाई उच्च प्राथमिकता दिँदै कार्यक्रम गरिएको छ,' महिला शाखा प्रमुख पाण्डेले भनिन्, 'नीतिगतरूपमा लैंगिक समानता नीतिको व्यावहारिक कार्यान्वयनको अवस्थालाई मूल्यांकन तथा अनुगमन प्रणाली भएको छ ।'

यसका साथै लैंगिक समानता कायम गर्नका लागि सम्भावित जोखिम व्यवस्थापनमा जनप्रतिनिधि, सामाजिक अभियन्ता तथा गैरसरकारी संस्थाहरूसँग समन्वय सहकार्य पनि भइरहेको बताइन् । बाँके जिल्ला सामाजिक, सांस्कृतिक तथा धार्मिकरूपमा विविधता भएको जिल्ला हो । यही विविधता र परम्पराका नाममा लैंगिक विभेद्का परम्पराले व्यक्ति, समाज र समुदायमा अझै पनि जरो गाडेको पाइन्छ । यसको निराकणका लागि नीतिगत व्यवस्थामात्र पर्याप्त नहुन सक्छ । यद्यपि, नीति कार्यक्रम र योजना बनाउने पहिलो खुड्किलो हो । बाँकेको जानकी गाउँपालिकाले लैंगिक समानता नीति नै नबनाएको बताएको छ । गाउँपालिकाकी महिला शाखा प्रमुख कल्पना गाहामगरले संविधानमा व्यवस्था भएका अन्य विषयमा नीति बने पनि लैंगिक समानताको विषयमा यस पालिकामा लैंगिकतासम्बन्धी नीति नबनेको बताइन् । 'लैंगिक समानतासम्बन्धी नीति कसरी बनाउने भन्ने विषयमा हामी अन्योलमा नै छौं,' उनले भनिन्, 'हाम्रा कानुनी सल्लाहकारहरूले पनि यो विषयमा हामीलाई कुनै प्रकारको कानुनी सल्लाह दिनुभएको छैन ।'

गाउँपालिकाका अध्यक्ष छब्बन खाँले आफूलाई लैंगिक समानतासम्बन्धी नीति बनाउनुपर्ने बारेमा जानकारी नभएकाले नबनेको बताए । 'हामीले पालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रत्येक वर्ष बनाइरहेका छौं तर लैंगिक समानतासम्बन्धी कानुनको विषयमा त्यति जानकारी भएन,' उनले भने, 'आगामी दिनमा यस विषयमा नीति बनाएर कार्यविधिका रूपमा कार्यान्वयन गर्ने छौं ।'

बाँकेको बैजनाथ गाउँपालिकाले पनि अहिलेसम्म लैंगिक समानतासम्बन्धी नीति बनाएको छैन । गाउँपालिकाकी उपप्रमुख निर्मला रोकायले लैंगिक समानता नीति नबनाए पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिका पक्षमा काम गरिरहेको दाबी गरिन् । स्थानीय तहका कार्यक्रम लैंगिक हिंसा रोक्ने वा त्यसलाई वकालत गर्ने खालका छैनन् । उपप्रमुख रोकाय भन्छिन्, 'लैंगिक समानताको नीति नबन्दा लक्षित वर्गलाई समेट्नेगरी न्यायिक समितिमार्फत नै काम गर्दै आइरहेका छौं ।'

आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा जबरजस्ती करणीका ६० वटा मुद्दा दर्ता भएका छन् भने बाल यौनदूराचार (दुर्व्यवहार) का १२ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ । त्यसैगरी अप्राकृतिक हस्तमैथुन, बालविवाह, वैवाहिक करणी, आत्महत्या दुरुत्साहन, अपहरण गरी जबरजस्ती करणीलगायतका लैंगिक हिंसाका १४७ वटा मुद्दा आव २०८०/८१ मा दर्ता भएको जिल्ला प्रहरी कार्यालय बाँकेको मुद्दा फाँटका प्रमुख प्रहरी निरीक्षक नवीन चापागाईंले जानकारी दिए । उनका अनुसार गत आवमा दर्ता भएका १४७ लैंगिक हिंसाका घटनामध्ये १२९ वटा मुद्दा फर्स्योट भएका छन् भने १८ मुद्दा अझै बाँकी रहेका छन् । लैंगिक हिंसा तथा घटनाका विषयमा चालु आव २०८१/८२ मा भने २२ वटा मुद्दा दर्ता भएका छन् ।

> सबै समस्याको समाधान प्रहरी होइन तर यहाँका लैंगिक हिंसाका घटनाहरु प्रहरीबाटै सल्टियोस् भन्ने अपेक्षा सरोकारवालाहरूको रहेको छ ।
>
> ■ **तुलबहादुर कार्की**
> **प्रहरी उपरीक्षक एवं प्रमुख, जिल्ला प्रहरी कार्यालय बाँके**

> संविधानले नै व्यवस्था गरेको लैंगिक समानतासम्बन्धी समानताको हकलाई स्थानीय सरकारले नीति नबनाइदिँदा लैंगिकतासम्बन्धी विषयमा यहाँका स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएको बुझिन्छ ।
>
> ■ **बसन्त गौतम**
> **अधिवक्ता**

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक तुलबहादुर कार्की लैंगिक हिंसाका घटनाहरू कम गर्नका लागि जिल्लामा रहेका सबै सरोकारवालाले एकजुट भएर काम गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'सबै समस्याको समाधान प्रहरी होइन तर यहाँका लैंगिक हिंसाका घटनाहरू प्रहरीबाटै सल्टियोस् भन्ने अपेक्षा सरोकारवालाहरूको रहेको छ ।' प्रहरी प्रमुख कार्कीले लैंगिक हिंसाको विषयमा सरोकारवालाहरूले खुलेर विषयमा चर्चा गरे पनि प्रभावकारीरूपमा काम गर्न नसकेको बताए । अनौपचारिक सेवा क्षेत्र केन्द्र (इन्सेक) का क्षेत्रीय संयोजक भोला महतले राज्यद्वारा बनाइएको लैंगिक समानताको नीतिलाई अबलम्बन गर्न प्रत्येक स्थानीय तहले कार्यविधि बनाउन आवश्यक रहेको बताए ।

उनले भने, 'स्थानीय सरकारलाई लैंगिक समानताको नीतिभन्दा भौतिक संरचना निर्माण कार्य बढी प्राथमिकता परेको देखिन्छ ।' अधिकारकर्मी महतले बाँकेका प्रत्येक पालिकामा राज्यको नीतिअनुसार ऐन कानुन बन्नुपर्ने भन्दै स्थानीय तहमा नीति नबनिदिँदा राज्यका पञ्चवर्षीय योजनाहरू सफल हुन नसकेको बताए ।

स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएकाले स्थानीय पालिकाहरूमा लैंगिक समानताको नीति बन्न नसकेको अधिवक्ता बसन्त गौतमको बुझाइ छ । 'संविधानले नै व्यवस्था गरेको लैंगिक समानतासम्बन्धी समानताको हकलाई स्थानीय सरकारले नीति नबनाइदिँदा लैंगिकतासम्बन्धी विषयमा यहाँका स्थानीय जनप्रतिनिधि र कर्मचारी संवेदनशील नभएको प्रस्ट बुझिन्छ ।' लैंगिकताको दृष्टिकोणले कानुनमा भएका कुराहरू व्यावहारिकरूपमा कार्यान्वयन गर्नका लागि नीति निर्माण गर्न आवश्यक भएको उनको भनाइ थियो ।

अधिवक्ता गौतमले लैंगिक समानताको नीति नबन्दा यसले प्रत्यक्षरूपमा महिला, बालबालिका, सीमान्तकृत समुदाय र विशेषगरी तेस्रोलिंगीलाई असर परेको बताए । उनले भने, 'संविधानमा मात्रै व्यवस्था भएर भएन, त्यसलाई कार्यान्वयन गर्नका लागि नीति बन्न आवश्यक हुन्छ । नीति बने पो कार्यविधिमार्फत त्यसलाई लागू गर्न सजिलो हुन्छ र लक्षित वर्गका लागि त्यो प्रभावकारी पनि हुन्छ ।' लिंग, जात, भाषा, संस्कृतिका आधारमा कसैलाई पनि भेद्भाव गरिने छैन भन्ने संवैधानिक व्यवस्थाअनुसार स्थानीय संरचनामा लैंगिक समानताको नीति निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

संविधानको धारा १८ को समानताको हकले लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेद्भाव गरिने छैन भनी व्यवस्था गरेको छ । संविधानको भाग ३ धारा ३८ ले महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने छ भन्ने प्रत्याभूत गरेको छ । राष्ट्रिय लैंगिक समानता नीति २०७७ ले लैंगिक समानतायुक्त राष्ट्र निर्माणको दीर्घकालीन सोच लिएको छ । महिला, किशोरी तथा बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु नीतिको मुख्य उद्देश्य रहेको छ भने महिलाको आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्तीकरणसहित कानुनी र व्यावहारिकरूपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यकबीच समानता स्थापित गर्ने' लक्ष्य लिएको छ ।

लैंगिक नीतिले पछाडि परेको लैंगिक समुदायलाई केन्द्रमा राखेर बजेट तथा योजना बनाउन सहज हुन्छ । सरकारले वार्षिक कार्यक्रम पनि त्यसकै आधारमा बनाउँछ । सोही नीतिका आधारमा महिलाको आर्थिक अवस्थामा वृद्धि गर्दै लिंगका आधारमा हुने आर्थिक विभेद अन्त्य गर्ने र समाज रूपान्तरणमा योगदान पुग्छ । यस नीतिका आधारमा प्रदेश र स्थानीय तहले लैंगिक नीति बनाउनुपर्ने हुन्छ । बाँकेमा आठ स्थानीय तहमध्ये तीन स्थानीय तहलेमात्रै लैंगिक समानता नीति बनाएका छन् । *रासस*


**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८१/०८/२८**

यस बैंकका निक्षेपकर्ता श्री हरूवा थापाको नातिनी, श्री माहा सिं थापाको छोरी, डोटी जिल्ला, कालीकास्थान गाउँ पंचायत वडा नं. १४ घर भई हाल कैलाली जिल्ला, गोदावरी नगरपालिका वडा नं. ०६ बस्ने वर्ष ४९ को श्रीमती लक्ष्मी देबी बिष्ट (ना.प्र.नं. १/९०९२/०५३, जारी मिति २०५३/११/१६, जारी जिल्ला डोटी) को मिति २०८१/०८/०५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको श्रीमान श्री जय बहादुर बिष्टले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमान श्री जय बहादुर बिष्टको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## सार्वजनिक सूचना

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (ब.सु.पु.) मध्यविन्दु नगरपालिका वडा नं. १० निवासी भारतीय पेन्सनर Ex No-5242955 Hony Naib Subedar JIT BAHADUR MAGAR (जितबहादुर मगर) को पत्नीको ना.प्र.नं. ८४८३ मा नामथर कैलि राना र पेन्सनपट्टामा पत्नीको नामथर MADHU KUMARI उल्लेख भई नामथर फरक परेकोले एउटै व्यक्ति प्रमाणित गरी पाउँ भनि दिनुभएको निवेदन सम्बन्धमा प्रहरी चौकी अरुणखोला, नवलपरासी (ब.सु.पू.) को च.नं. ८०, मिति २०८१/०८/२५ को प्रहरी सर्जमिन मुचुल्का र मध्यविन्दु न.पा.१० नं. वडा कार्यालयको च.नं. ७३१, मिति २०८१/०८/२३ को पत्रबाट **कैलि राना र** MADHU KUMARI एउटै व्यक्ति भएको व्यहोरा सिफारिस भै आएको जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पु.) ले जानकारी गराएको छ ।



## पचरौता नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेनौली, बारा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८१/०८/२८)

यस कार्यालयको तपसिलमा उल्लेखित ठेक्काको लागि रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपसिलको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, (संसोधन सहित) २०६३ को दफा २७ को उपदफा १ र २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर समेत | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/PMUN/W/2081/82-04 | Wada Karyalaya Bhawan Nirman | Baba Ganinath-Gadhimai Riya JV Katahariya, Rautahat | 1,62,05,059.49 NRS | |
| 2 | NCB/PMUN/W/2081/82-06 | Ward No.-7 Benauli kishori Patel ko Ghar dekhi Sadak Dhalan | Rishav Construction, Mahagadhimai 02, Bara | 90,35,897.12 NRS | |
| 3 | NCB/PMUN/W/2081/82-07 | Ward No.8 Bajopati Mull Batoma Nalla Nirman | Abhi Construction Birgunj05, Parsa | 23,05,975.63 NRS | |
| 4 | NCB/PMUN/W/2081/82-08 | Benauli Birthing Center Nirman | Pallavi Construction , Pallavi Electrical & Suppliers, Kalaiya-05, Bara | 22,03,867.25 NRS | |

प्रमुख प्रशासकीय अधिकृत



## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कन्चनपुर शुदूरपश्चिम प्रदेश

## बिद्युतीय बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०८।२८

यस कार्यालयको बार्षिक कार्यक्रम अनुसार तपशीलका योजनाहरु कार्यान्वयनका लागी योग्य फर्म तथा कम्पनीहरुबाट अनलाईन बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम कर तथा पी.एस. सहित रु. | फाराम दस्तुर रु. | धरौटी/ जमानत रकम रु. | धरौटी/ जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 22-RBT-2081/082 | पिरे खत्रीको घर देखी ग्वासी समैजि सा.ब., हरियाली सा.ब. किनारा बडु टोल हुदै महाकाली स्कुल कृषी सडक जोडने रिंग रोड कालोपत्रे, वडा नं. ४ | १,४४,९१,२०९।१५ | ३,०००।- | ३,७५,०००।- | १२० दिन |
| 25-RBT-2081/082 | चम्मन चौराह हुँदै रताशी पिपरिया हुँदै जोरायल टोल पांग्रेबजार सडक कालोपत्रे वडा नं. ७ | १,३०,३९,८२२।३१ | ३,०००।- | ३,३८,०००।- | १२० दिन |
| 26-RBT-2081/082 | चपरतला पिपरिया सडक वडा नं. ८ र ९ | १,४४,९९,८५२।०० | ३,०००।- | ३,७५,०००।- | १२० दिन |

| बैंकको विवरणः कुमारि बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर | बोलपत्र सम्बन्धि कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकिएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४<br>आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |

१. बोलपत्रको अन्तिम दर्ता मिति २०८१।०९।२८ दिनको १२:०० बजे र खोलिने मिति सोही दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै अर्को दिन दर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. सूचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) तथा नेपाल सरकारको कानुन अनुसार हुनेछ ।
४. बोलपत्र सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



## उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश ,नेपाल

## शिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति : २०८१/०८/२८

यस कार्यालयबाट विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका शिलबन्दी दरभाऊपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका शिलबन्दी दरभाऊपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आसयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | दरभाउपत्र नं./ विवरण | फर्म/कम्पनीको नाम र ठेगाना | कबोल अंक ने. रु. (VAT सहित ) |
|---|---|---|---|
| १. | SQ No. URM/SQ/Rebid/Med/Goods/02-2081/82, Purchase and Supplies of Medical Goods | LAV MEDICAL HALL DHANUSHA | ३,५७,७८८.३२/- |
| २. | SQ No.: URM/SQ/Rebid/Works/01-2081/82, Damaidada-Haatikharka-Bataar Sadak Nirman Ward No.1 | SHIVA SHAKTI NIRMAN SEWA, UDAYAPURGADHI-2, UDAYAPUR | ८,४४,१३५.५४/- |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक

शुक्रबार, २८ मंसिर २०८१ (Friday, December 13, 2024)





## 'एक्टिङ स्टार'को जुरीमा नीर, अनुप र ऋचा

रियालिटी शो 'एक्टिङ स्टार'को जुरी सार्वजनिक गरिएको छ। आयोजकले अभिनयका बादशाह भनेर चिनिने नीर शाह, थुप्रै सफल कलाकारका गुरू अनुप बराल र चर्चित अभिनेत्री ऋचा शर्मालाई 'एक्टिङ स्टार'को जुरी भनेर सार्वजनिक गरेको हो। शोका लागि अहिले डिजिटल अडिसन चलिरहेको छ। जसका लागि एक हजारभन्दा बढीले सहभागिता जनाइसकेको निर्माण कम्पनी महक मिडिया नेटवर्कले जानकारी दिएको छ। डिजिटल अडिसनबाट सेलेक्सनमा पर्न सफल व्यक्तिहरूलाई उनीहरूकै गाउँ ठाउँमा पुगेर सहभागिताको प्रमाण पत्र प्रदान गर्ने निर्माण टिमले बतायो। कार्यक्रममा सहभागी हुनका लागि डिजिटल अडिसन मार्फत बालकलाकार, युवा कलाकारको साथै बृद्धहरूको समेत रूचि देखिएको छ।



# राधिका पन्तद्वारा लिखित 'हाम्रो योगयात्रा' लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** योग शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित योगगुरु राधिका पन्तको 'हाम्रो योगयात्रा' नामक पुस्तक लोकार्पण गरिएको छ। पतञ्जली योग समिति भक्तपुरद्वारा आयोजित कार्यक्रममा डा यज्ञेश्वर निरौला, उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली, अधिवक्ता कमला ओली, प्राध्यापक चेतोनाथ गौतम, पूर्वसचिव सोमबहादुर थापा, लेखनाथ पन्तलगायतले उक्त पुस्तक लोकार्पण गरेका हुन्। 'गरौं योग, रहौं निरोग' भन्ने मूल भावसहित लोकार्पित पुस्तकमा योगशास्त्र, योगविधि, योगदर्शनलगायत विषयमा विस्तृत जानकारी दिइएको छ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै निरौलाले पन्तद्वारा लिखित पुस्तकले योगअभ्यास गर्नेहरूका लागि अत्यन्तै महत्वपूर्ण र उपयोगी हुने विश्वास व्यक्त गरेका छन्। उनले पन्तको लेखनशैली अत्यन्त उत्कृष्ट रहेको उल्लेख गर्दै आगामी दिनमा पनि योग साहित्य एवं कलालाई केन्द्रमा राखेर थप कृति आउने अपेक्षा पनि गरे। पुस्तकमाथि प्रकाश पार्दै उपप्राध्यापक ज्ञवालीले योगलाई जीवनसँग जोड्दा हुने बहुआयामिक उपयोगिताबारे पुस्तकले स्पष्ट पार्नुका साथै योग विधिबारे पनि व्यापक र गहन संश्लेषण गरेको बताए।

कार्यक्रमका सभापति नित्यनाथ श्रेष्ठले पुस्तक पढिसकेपछि योग साधनालाई प्रभावकारी बनाउन थप ऊर्जा प्राप्त हुने भएकाले पुस्तककी लेखक राधिका पन्तको प्रयत्नलाई सरहाना गरे। प्रकाशित एक सय ८० पृष्ठको पुस्तकको मूल्य रु तीन सय पाँच तोकिएको छ। पुस्तकमा अष्ट्रेलिया यात्रा, योग जागरण गोरखा, माडीबसाइका उपलब्धिहरू, २०८० सालका गतिविधिहरू, चैत्रलगायतका शीर्षक छन्। पन्तको तीजका 'गीत सङ्ग्रह, 'भोको मान्छे' 'कविता सङ्ग्रह', 'विजय शोककाव्य' 'राधालेख मिश्रित विद्या'लगायत आधादर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन्।

## 'माग्ने राजा' बन्दै केदार घिमिरे

**काठमाडौं (प्रस)–** निर्देशक ऋषि लामिछानेले केही अघि घोषणा गरिएको फिल्मको नाम 'माग्ने राजा' राखिएको छ। निर्माण युनिटले एक पोष्टर सार्वजनिक गर्दै फिल्मको नाम जानकारी दिएको हो। अभिनेता केदार घिमिरे 'माग्नेबुढा' को मुख्य भूमिका रहने फिल्म मुनाल घिमिरेले निर्माण गर्न लागेका हुन्। फिल्मको नाम चलचित्र विकास बोर्डमा दर्ता भएपछि सार्वजनिक गरिएको हो। फिल्मको लेखन समीप्यराज तिमल्सिनाले गरेका छन्। आगामी फागुन १ गतेबाट छायाङ्कनको तयारी गरिएको 'माग्ने राजा' कमेडी कथावस्तुमा बन्न लागेको हो।

## इन्द्रसरोवर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८**

